# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ती

मिति २०७२।०९।२४

यस जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको चौथो वार्षिक साधारण सभा मिति २०७२।०९।२४ गते शुक्रबारका दिन बबरमहल स्थित कम्पनीको सभा कक्षमा संचालक समितिका अध्यक्ष तथा उर्जा मन्त्रालयका सचिव श्री सुमन प्रसाद शर्माज्यूको अध्यक्षतामा सम्पन्न भयो । साधारण सभामा संचालक समितको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको कम्पनीको बार्षिक प्रतिवेदन तथा लेखापरिक्षकको प्रतिवेदन सहित २०७२ असाढ मसान्तको वासलात, आ.व. २०७१।७२ को नाफा नोक्सान र नगद प्रवाह सहितको वित्तीय विवरणहरु छलफल गरी पारित गरियो । साथै महालेखापरिक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चार्टड एकाउन्टेन्ट श्री शैलेन्द्र उप्रेतीलाई आर्थिक वर्ष २०७२।७३ को लागि लेखापरिक्षकमा नियुक्त गर्न निर्णयसमेत गरेको छ ।

आफ्नो स्थापनाको छोटो समयमै कम्पनीले २० मेघावाट देखि ८२ मेघावाट सम्मका ८ वटा जलविद्युत आयोजनाहरुमा लगानीको निर्णय गरिसकेको छ भने विश्व बैंकबाट नेपाल सरकारलाई ३७.६ मेघावाट क्षमताको कावेली ए जलविद्युत आयोजनालाई प्राप्त हुने ४० मिलियन अमेरिकी डलर पनि यसै कम्पनीमार्फत प्रवाह हुने व्यवस्था गरिएको छ । साथै कम्पनी प्रर्वद्धकको रुपमा रहेको पावर ट्रान्समिसन कम्पनी लिमिटेडमा १४ प्रतिशत शेयर लगानी गरेको छ । मुलुकमा विप्रेषणबाट प्राप्त हुने बार्षिक करिव रू.६०० अरव रकमको केही अंश जलजिद्युत आयोजनाको निमार्णमा परिचालन गर्ने उद्देश्यले कम्पनीले रेमिट हाइड्रोको अवधारणा विकास गरी सोको कार्यान्वयनका लागि रेमिट हाइड्रो लिमिटेड नामक सार्वजनिक कम्पनी खडा गरी ७१.५ मेगावटको घुन्सा खोला तथा ५३.७ मेगावटको सिम्बुवा खोला जलविद्युत आयोजना निर्माण गर्ने उद्देश्यले विद्युत विकास विभाग समक्ष आयोजनाहरूको सर्वेक्षण अनुमतिपत्रको लागि आवेदन पेश गरिसकेको छ । कम्पनीमा ऋण लगानीका लागि थप प्रस्तावहरु प्राप्त भएका छन भने कम्पनीले आफ्नै नेतृत्वमा जलविद्युत विकासका लागि थप कार्य अगाडी बढाएको छ ।

चौथो वार्षिक साधारण सभा शत प्रतिशत शेयरधनीहरुको उपस्थितिमा कम्पनीको कियाकलाप र छलफल तथा निर्णयका लागि प्राप्त प्रस्तावहरु उपर बृहत छलफल गरी सम्पन्न भएको तथा कम्पनी संचालनमा शेयरधनी महानुभावहरु लगायत सबै निकायहरुबाट प्राप्त सहयोगको लागि कम्पनीका संचालक समितिका अध्यक्ष श्री सुमन प्रसाद शर्माज्यूले सबैलाई धन्यवाद प्रदान गर्नु भयो ।